
# अक्षर



कपिल लामिछाने

# बालबालिकाको प्रिय साथी रत्न बालसाहित्य

१. अक्षर
२. अनमोल मणि (बालकथा सङ्कलन)
३. अनुहारको चित्र
४. अन्तरिक्षयात्रीहरू (वैज्ञानिकको जीवनी)
५. अर्थ न बर्थका कुरा
६. आनन्दको आविष्कार
७. आप्पाको झण्डा
८. इन्द्रधनुष (बालकथासङ्ग्रह)
९. कथाको किताब
१०. कथा-कोपिला
११. कथा कथ्यौरी
१२. काँक्रो र बूढीको नाक
१३. काना-काना कुर्र (बालकविता)
१४. काले कुकुर
१५. कालो माला (बालकथा)
१६. केही राष्ट्रिय विभूतिहरू (जीवनी) भाग १, २
१७. केही रमाइला कथा
१८. गणितबाट रमाइलो (बौद्धिक परीक्षा)
१९. चरी आयो
२०. चहचह
२१. चार चङेरी
२२. चील गाडीमा सरर
२३. चुस्के र छुस्के (बालकथा)
२४. छिमेकी चरा
२५. जमिनदारको जुक्ति
२६. जालमाथि चाल
२७. जिन्की र जोकर (बालकथासङ्ग्रह)
२८. जुनेली साँझ
२९. झुन्डिएको बगैंचा (यात्रासंस्मरण)
३०. झ्यापुल्लेको बिजोग
३१. तिरमिर तारा
३२. दङ्ग-फुरुङ्ग (बालकथा)
३३. दयालु परी
३४. दसैं, पिङ र हात्ती (बालकथा)
३५. नयाँ साथी
३६. पञ्चतन्त्रका पाँच कथा
३७. पाँच प्रसिद्ध वैज्ञानिकहरूको जीवनी
३८. पुतलीको बिहे (बालकविता)
३९. पुष्टकारी
४०. पौराणिक बालकथा
४१. फुच्चे खरायो
४२. फूलजस्तो मन
४३. बाँदर्नीको माया (बालकथा)
४४. बामपुड्के
४५. बालगीत (भाग १, २)
४६. बालबाटिका
४७. बालबालिकाहरूका नाटक
४८. बाल रत्न

२००३ २०६३

राष्ट्र सेवाका ६० वर्ष

४९. बुख्याचा (बालकथा)
५०. बुद्धिमानीको परीक्षा
५१. बुहारी (लोककथासङ्ग्रह)
५२. बूढाको अर्ती
५३. भकुल्लेको साथी को होला (बालकथा)
५४. भाँडाकुटी
५५. भालुलाई पाठ (बालकथा)
५६. भूतको कथा
५७. भूतसँग जम्काभेट
५८. मकमक घुर
५९. मकैको रोटी
६०. मनु र भँगेरा
६१. मन्टुकी बज्यैको कथाको पेटारो (बालकथासङ्ग्रह)
६२. मामाघरको हजुरबा (बालकथा)
६३. माहुरीको पुस्तकालय
६४. मेरो सानो घोडा
६५. मेरो मुरली
६६. मोती र गुलाब
६७. रङ्गीचङ्गी कथाहरू (बालकथासङ्ग्रह)
६८. रमाइला नानी (भाग १, २, ३)
६९. रामेको कथा (बाल-उपन्यास)
७०. राम्रो काम
७१. राहुलका माछा र सुगाब
७२. रूपैयाँ फल्ने रूख
७३. 'रे' का केही कथा
७४. लाटोकोसेरोलाई लड्डू
७५. लुकामारी
७६. ल्वाँदि र ग्वाँदि
७७. लोखर्केको बिहे
७८. विज्ञानका ताराहरू
७९. विदेशी बगैँचाका चार थुँगा फूल
८०. विदेशी बगैँचाका पाँच थुँगा फूल
८१. विदेशी बगैँचाका छ थुँगा फूल
८२. शोकाकुल ढुङ्गाहरू
८३. श्रीकृष्णलीला
८४. सन्तु र सुगा (बालकथा)
८५. सारङ्गी (बालकविता)
८६. सीमाको सुगा
८७. सेती परी काली परी (तीन देशका प्रसिद्ध कथा)
८८. सुनचाँदीको बालक
८९. सुनकेस्रा (बालकथा सङ्कलन)
९०. सुनौला तीन कुरा (बालकथा सङ्कलन)
९१. सुनाखरी
९२. सुनको छाती
९३. सुरीको साइकल (बालकथा)
९४. सुशीला र सगुन (बालकथा)
९५. सोझी नानू छट्टू राजु (बालकथा)
९६. हराएकी छोरी
९७. हरियाली (बाल-उपन्यास)
९८. हाम्रा केही प्रसिद्ध साहित्यकार (भाग १, २)
९९. हिउँकान्छा (बालकथा)
१००. हिमाली डाँफे
१०१. हीराको टुक्रा
१०२. हीरा र मोती



# अक्षर

(बालकथा)

कपिल लामिछाने

प्रकाशक : रत्न पुस्तक भण्डार
काठमाडौँ, फोन : २२३०२६

चित्र : युवक श्रेष्ठ

सम्पादन : शाश्वत पराजुली

संस्करण : दोस्रो, २०५९ , तेस्रो संस्करण : २०६३

मुद्रक : नेपाल टाइम्स प्रेस
काठमाडौँ, फोन : २६०४३४

---

Achhyar
ISBN : 99933-0-304-6

# प्रकाशकीय

'बालक भोलिका कर्णधार हुन् । उनीहरूको व्यक्तित्वविकासमा बालसाहित्यको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यसैलाई ध्यानमा राखेर हामीले बालसाहित्यको प्रकाशनमा जोड दिँदै आएका छौँ । यसै क्रममा प्रस्तुत 'अक्षर' आएको छ । 'अक्षर' कपिल लामिछानेद्वारा लिखित पाँच बालकथाको सङ्कलन हो ।

यसलाई मन पराइदिनुभए हामी अरू नयाँ-नयाँ कोसेली दिन सक्षम हुनेछौँ ।

रत्न पुस्तक भण्डार

# कहाँ के छ ?


| | | |
|---|---|---|
| १. | अक्षर | ५ |
| २. | फेरि पानी बग्न थाल्यो | १२ |
| ३. | साहस | १७ |
| ४. | मिल्ती | २२ |
| ५. | सेखी | २८ |

# अक्षर

तिनताका म आठ कक्षामा पढ्थें । परीक्षा सकिएकाले म बिदाका दिन बिताउँदै थिएँ । जाडोको मौसम थियो । म पाहार तापिरहेको थिएँ । बुबा तमसुकमा अक्षर पढिरहनुभएको थियो ।

हेडसर आएर बुबानजिकै बस्नुभयो र यताउताका गफ लडाउन थाल्नुभयो । हिंड्ने बेलामा मतिर देखाएर सरले बुबासित भन्नुभयो– "यसको पढाइ त ठीकै छ, तर अक्षर खत्तम छन् ।" यति भनेर सर हिंड्नुभयो ।

म छाँगाबाट खसेजस्तो भएँ । बुबाले खास प्रतिक्रिया देखाउनुभएन । 'ए !' भनेर चुप लाग्नुभयो । मैले सन्चो अनुभव गरें ।

केही दिनपछि परीक्षाफल निस्क्यो । म फेल भएछु । मलाई साह्रै दु:ख लाग्यो । त्यसमाथि बुबाले दुर्वासाको रिस निकाल्नुभयो । सिस्नुपानी लगाएर कुट्नुभयो । त्यो कुरा सम्झिँदा आज पनि मेरो आङ जिरिङ्ग हुन्छ । पीडाले गर्दा म रनथनिएँ । कुटिसकेपछि बुबाले भन्नुभयो– "अक्षरले गर्दा तँ फेल भएको होस् । हेडसर झूटो बोल्नुहुन्न । ल अबदेखि सुन्दर अक्षर बना– एकदम राम्रा !"

"हुँ... हुन्छ । म बनाउँछु ।" कामेको स्वरमा मैले भनें । त्यसपछि मैले एकदमै कोसिस गरें । लेखेको लेख्यै गर्न थालें । कापी सकेको सक्यै गर्न थालें । केही दिनपछि त अक्षर राम्रा भए होलान् भन्ठानेर मैले बुबालाई देखाएँ ।

"अक्षर सफा र सुन्दर हुनुपर्छ । मसी लतपतिएको हुनुहुन्न । फुकी–फुकी लेख्नुपर्छ ।" मेरो लेखोट हेरेर बुबाले भन्नुभयो । मैले ठानें, अक्षर जति राम्रा हुनुपर्ने हो त्यति राम्रा भएका रहेनछन् ।

तिनताका म चौध–पन्ध्र वर्षको हुँदो हुँ । म आज्ञाकारी छोरो । बाबुआमाले अह्राएको हरेक कुराको पालना गर्नु म आफ्नो परम् कर्तव्य ठान्थें । सिस्नुपानीको डर पनि सँगै थियो । मैले भनें– "हुन्छ बुबा, म त्यसै गर्छु ।"

मैले अनेक प्रयास गरें । सोझा अक्षर, सफा अक्षर, डिको दिएर लेखेको देवनागरी लिपिका आकर्षक अक्षर । म पढ्नमा जति समय लगाउँथें, त्यसभन्दा बढी



अक्षर राम्रा बनाउनमा लगाउँथेँ । बुबाको इच्छा पूरा गर्नुलाई नै म सिस्नुपानीबाट जोगिने उपाय सम्झन्थेँ ।

सूर्यका न्याना किरण छानामा नपर्दै म प्रत्येक दिन आफ्नो लेखनकार्य थाल्थेँ । त्यस दिन पनि मैले खूब मिहिनेत गरेर सुन्दर अक्षर बनाएँ । सोझा, सिलित्त परेका हरफ बनाएँ ।

"एकदम राम्रो छ लेखाइ । भाइ, तिमी भविष्यमा ठूलो मान्छे बन्नेछौ । मलाई त यस्तै लाग्छ ।" पल्तिरका ठूल्दाइले मेरो लेखाइ हेरेर भने ।

मलाई खुसी लाग्यो । मैले सोचेँ, अब त बुबा पक्कै सन्तुष्ट हुनुहोला । बुबालाई देखाउन ढिला गर्नु हुन्न । त्यसैले मैले तुरुन्त बुबालाई बोलाएर देखाएँ ।


बुबाले राम्रोसित हेर्दा पनि नहेरी नाक खुम्च्याउँदै भन्नुभयो– "छि: छि: छि: गिद्धले छेरेका जस्ता अक्षर !" अनि बुबाले ठूल्दाइतिर फर्केर हातले पार लगाउँदै थप्नुभयो– "कसो ? ठूला, अक्षर भनेका त छापाका जस्ता हुनुपर्छ । चिटिक्कका, सिलित्तका, मोतीका दाना मिलाएर खसेका जस्ता । देख्तैमा रहर लाग्ने । हेर त यसको लेखाइ । त्यो पनि ठूलै 'उपति' गरेँ कि झैँ देखाउँछ ।"

ठूल्दाइले आफ्ना जुँगा टोकेर सुनिरहे । केही बोलेनन् । मतिर फर्केर बुबाले फेरि भन्नुभयो– "बुझिस् ? अक्षर भनेका त त्यस्ता हुनुपर्छ ।"

मैले फेरि बोल्ने साहस गर्न सकिनँ । ठूल्दाइले बुबासित मुख लाग्नु सायद उचित ठानेनन् ।

बुबा आफू बाङ्गाटिङ्गा अक्षर नै लेख्नुहुन्थ्यो । धेरै पढ्नुभएको पनि थिएन । तर मलाई भने राम्रा अक्षर बनाउनुपर्छ भनेर कराइरहनुहुन्थ्यो । बुबाको देखासिकीले आमा पनि कराउनुहुन्थ्यो र खालि लेख्न मात्र लगाइरहनुहुन्थ्यो । सिस्नुपानीबाट आमा पनि तर्सिनुभएको थियो । म बाबुआमाको मनसायबमोजिम खुब लेख्थेँ ।

धेरै लेख्नुपर्ने भएकाले कापीको समस्या पर्न थाल्यो । महँगीको कापी दिनको एउटा सकिन थालेपछि त त्यसबारे पनि सोच्नै पर्‍यो । त्यस समस्याले बढी मात्रामा बुबालाई नै पिर्‍यो । धेरै सोचेर एक दिन भन्नुभयो– "हेर् बाबु, लेख्न त खुब लेख । अक्षर पनि छापेका जस्ता बना, तर कापी कम खर्च गर ।"



बुबाको यस्तो कुरा सुनेर म जिल्ल परें । "यस्तो पनि कहीं हुन सक्छ ?" मैले डराई-डराई अलिक झर्केर सोधें ।

बुबाले भन्नुभयो– "अवश्य हुन सक्छ । आजदेखि 'फुन्टिन' ले होइन, सिसाकलमले लेख्ने गर् । लेख अनि मेट्, मेट् अनि लेख्.... तर अक्षर चिटिक्कका, सिलित्तका र छापाका जस्ता बना । अक्षर लोभलाग्दा भए भने जाँचमा पनि पहिलो भइन्छ बाबै !"

बुबाको तर्क ठीकै लाग्यो । मैले त्यसै गर्न थालें । लेख्थें... मेट्थें । मेट्थें.... लेख्थें । लेख्ता र मेट्दा कापी कति पातलो भइसक्थ्यो भने त्यो लेख्नलायक नै रहन्नथ्यो । अनि मात्र अर्को कापी ल्याइन्थ्यो ।

अब मेरा अक्षर एकदमै राम्रा भइसकेका थिए । त्यसभन्दा पनि राम्रा अक्षर बनाउने न त ममा खुबी बाँकी थियो न त्यसभन्दा राम्रा अक्षर बन्नै सक्थे ! साथीहरू मेरा अक्षर देखेर लोभिन्थे । सरहरू राम्रा अक्षरका नमुना दिनुपरे मेरै कापी देखाउनुहुन्थ्यो । केही राम्रा अक्षर लेख्नुपर्‍यो भने सरहरू मलाई नै अऱ्हाउनुहुन्थ्यो । त्यो मेरा लागि कम खुसीको कुरो थिएन । तर घरमा आउनासाथ मानौँ मेरो त्यो सीप स्कूलमै छुटेको हुन्थ्यो कि ! प्रायः सधैँ नै बुबाको खप्की खानुपर्थ्यो । बुबा मेरा कापी र लेखोट हेर्नुहुन्थ्यो र नाक चेप्टचाएर भन्नुहुन्थ्यो– "अहँ, भएन । अझ राम्रो हुनुपर्छ ।"


म अझ प्रयास गर्थें र बुबालाई देखाउँथें । बुबा उही कुरो दोहोऱ्याउनुहुन्थ्यो– "अहँ भएन । अक्षर सफा, सुन्दर र छापाका जस्ता हुनुपर्छ ।"

म साह्रै दुःखित हुन थालें, सोच्न थालें– "के यसभन्दा पनि राम्रा अक्षर बन्न सक्छन् ?" तर मेरो कलिलो बुद्धिले भ्याउन सकेन । कति गर्दा पनि त्यसभन्दा राम्रा अक्षर बन्न सकेनन् । सायद त्यो सीमामा पुगेको थियो । बाहिर त्यत्रो स्याबासी तर घरमा सधैँ भएन । म चिन्तित हुन थालें ।

समय सकिँदै गयो । केही महिनापछि जाँच पनि हुनेवाला थियो । सरहरू आ-आफ्नो विषयको जाँचको पूर्वाभ्यास गराउँदै हुनुहुन्थ्यो ।

त्यस दिन क्लास टेस्टको जाँच दिएर बुद्धि, विष्णु र म सँगै घर फर्क्यौं । मेरो घर बाटैमा पर्थ्यो । मैले साथीहरूलाई चिया खाएर जाने अनुरोध गरें ।

आमाले चिया ल्याउनुभयो । चिया खाने सिलसिलामा कसले कस्तो लेखेर कति नम्बर पायो भन्नेबारे चर्चा हुन थाल्यो । "तैँले अक्षरमै नम्बर पाएको होस् । तेरो उत्तर



ठीक छैन, किनभने तैँले त्यो बुझेकै थिइनस् ।" विष्णुले मतिर हेरेर भन्यो । मलाई थाहा थियो, मैले राम्रोसित पढेरै गएको थिएँ । जुन नम्बर मैले पाएको थिएँ, अवश्य नै त्यो गलत थिएन । विष्णुको भनाइले मलाई कताकता चोट पुऱ्यायो । मैले आफ्नो जाँचको पातो देखाइदिने विचार गरेँ र स्कूले ब्यागमा त्यो खोज्न थालेँ । तर कति खोज्दा पनि भेटिनँ । मैले साथीहरूका अगाडि लज्जित हुनुपऱ्यो ।

साथीहरू चिया तुर्ने तरखरमा थिए । उताबाट टुप्लुक्क बुबा झुल्किनुभयो । बुबाको हातमा कापीको एउटा पातो थियो ।

घरमा आइपुग्नेबित्तिकै बुबाले त्यो पातो देखाउँदै रिसाएर अलिक चर्को स्वरमा भन्नुभयो– "हेर यी ! अक्षर यस्ता सफा, सुग्घर, चिटिक्कका, सिलित्तका र छापाका जस्ता हुनुपर्छ, यस्ता अक्षर पो अक्षर । तेरा त के भन्नु ? गिद्धले छेरेजस्ता छन् । कति भन्दा पनि लाग्ने होइन । अबदेखि यिनै अक्षर हेरेर लेख्ने गर् । ठीक यस्तै अक्षर बना । के सुनिस् ?" बुबा अझै जङ्गिने मुडमा हुनुहुन्थ्यो ।

मैले डराई-डराई त्यो पातो बुबाका हातबाट लिएँ र हेरेँ । त्यो त मेरो क्लास टेस्टको पातो थियो ।

मैले भनेँ– "बुबा, यो मेरै त हो नि ! स्कूलबाट आउँदा बाटामा खसेछ । यहाँ आएर झोलामा धुइँपताल खोजेँ मात्र । च्च..... !"

बुबा झस्किनुभयो । मैले त्यो पातो साथीहरूलाई दिँदै भनेँ– "ल हेर, मैले केमा नम्बर पाएको छु ।" साथीहरूले पढ्न थाले । जाँचको हडबडीले गर्दा अक्षर त्यत्ति राम्रा बन्न पाएका थिएनन् । त्यसमा जस्ता अक्षर मैले लेख्न सकेको थिएँ, त्यसभन्दा धेरै राम्रा अक्षर मेरा भइसकेका थिए ।

बुबाले लामो सुस्केरा हालेर भन्नुभयो– "के त्यो लेखोट साँच्चै नै तेरै हो ?"

"हो बुबा, त्यो मेरै हो । जाँच दिएर फर्किंदा त्यो कहीँ बाटोमा खसेछ ।"

बुबाले तुरुन्त भन्नुभयो– "त्यसो भए अक्षर अझ राम्रा बना । चिटिक्कका, सिलित्त परेका, मोतीका दाना मिलाएर राखेजस्ता अक्षर...."

●

# फेरि पानी बग्न थाल्यो

गाउँले किसानहरू पुर्पुरोमा हात राखेर खेतका आली, कान्ला र छेउछाउमा टक्र्याक-टुक्रुक बसेका थिए । खेतभरि आलु, साग, मूला, काउली, तोरी, गहूँ, जौ लगाइएका थिए, तर पानी नभएर सबै ओइलाएका थिए । किसानहरूको अनुहार पनि सागझैँ ओइलाएको थियो । खोलामा पानी थिएन, ढुङ्गा, गेग्र्यान र बालुवा मात्र थिए, कमिला हिँडिरहेका थिए । खोलाकिनारको खेतमा डिल भत्केको थियो । पानीको समस्याका बारेमा किसानहरू छलफल गर्दै थिए ।


गाउँतिरबाट सुकिला लुगा लगाएको फुर्तिलो एउटा मान्छे फाँटमा झऱ्यो । त्यो मान्छे ठूला खेततिरै लाग्यो । गाउँलेले चिने– ती स्कूलका शिक्षक थिए । गाउँमा स्कूल भर्खर खुलेको थियो । शिक्षक बाहिरबाटै आएका थिए । गाउँमा पढे-लेखेका मानिस थिएनन् । उनलाई देखेर किसानहरू एकै ठाउँमा जम्मा भए ।

तिमसिना माहिलाले अघि सर्दै भने– “क्यार्नु माड्साप, ठूलाखेते किसानहरूले कुन जुनीमा के पाप गरेका रहेछन् कुन्नि ! यत्रो फाँट, यस्तो फाँट हिउँदभर बाँझै रहने भयो । पहिले हामीले देख्दैमा यस खोलामा हिउँदभर पानी कलकलाउँथ्यो । बाली खुप सप्रिन्थ्यो । अन्नको त्यति हाहाकार पनि थिएन । कसै-कसैले मात्र हिउँदे बाली लगाउँथे । अहिले अन्नको यत्रो हाहाकार छ । सबै हिउँदे बाली तरकारी लगाउन चाहन्छन्, तर खोलामा एक थोपा पानी छैन । जसोतसो लगाएको बाली पनि ओइलाएर झुरुम्म हुन लाग्यो । पोहोर सालसम्म त एक तुर्को पानी बग्दै थियो, तर यसपटक स्याप्पै भइहाल्यो । कस्तो अचम्म !”

सबैका आँखा शिक्षकका अनुहारमा थिए ।

शिक्षक गम्भीर भए । उनले टाढा-टाढा चारैतिर हेरेर सोधे– “त्यतिखेर ती माथिपट्टि देखिने नाङ्गा पहाडहरूमा जङ्गल थियो ?”

गाउँलेहरूले बडो उत्सुक भएर एकै चोटि भने– “ती पहाडमा मात्र होइन, खोलाका छेउछाउमा समेत जङ्गल टन्न थियो । दिउँसै पनि जान डर लाग्थ्यो । तर त्यही त हो नि ! मान्छे बढे, घर बढे । काठ, दाउरा, स्याउला सबैलाई चाहिने, सबैले



काटे । कतै खोरिया फाँडे । कतै बारी बिराए । मैले पनि बिराएँ । कतिले खेतै बनाए । वस्तुभाउ पनि बढे । घाँस, काठ, दाउरा र स्याउला नभएर एउटा पीर थियो । अब पानी नभएर अर्को पीर थपियो । दु:ख एक्लै आउँदैन भनेको किन फरक खान्थ्यो !"

शिक्षकले निकै घोरिएर भने– "त्यसो भए तपाईंहरूले आफ्नो दु:ख आफैँ बेसाउनुभएको रहेछ । बाढी–पहिरो रोक्न, पानी पर्न, मूल फुट्न र खोला बग्न वनजङ्गल नै चाहिन्छ । यो खोलाको सिरानतिर जङ्गल भएसम्म खोलामा पानी बग्यो । अब वनजङ्गल मासियो । पानी पर्न छाड्यो र पानीका मूल सुके । मूलै सुकेपछि खोलामा पानी कहाँबाट बगोस् ? यति मात्र होइन, अब वर्षामा ठूलठूला पहिरा गएर बाढी आएर यो फाँट बगर हुन कत्ति बेर छैन ।"

खोलामा पानी सुकेर आफैँ सुकेझैँ भएका किसानहरू झन् आत्तिए ।

गिठेका बाबुले फुस्केको पटुका कस्दै भने– "होइन माड्साप, त्यसो नभन्नुस् न । खेत बगर भयो भने त हामी मर्छौं । हाम्रा लालाबाला मर्छन् । गाउँ गाउँ नरहेर मसानघाट हुनेछ ।"

"मैल नभनेर के गर्नु ? आखिर त्यही हुनेछ ।" शिक्षकले भने ।

तिमसिना माहिलाले अघि सरेर पिन्चे स्वरमा भने– "यसबाट बच्ने केही उपाय छैन, माड्साप ?"

शिक्षकले तुरुन्त भने– "किन छैन ? हरेक समस्याको समाधान हुन्छ, तर त्यो त्यति सजिलो छैन ।"

"जस्तोसुकै असजिलो होस्, बताउनुस् न ।" सबैले एकसाथ भने ।


शिक्षकले सम्झाउँदै भने– "जुन कारणबाट आज तपाईंहरूमाथि यत्रो विपद् आइपर्दै छ, त्यही हटाउनु नै समाधानको मुख्य उपाय हो । अब फेरि खोलो बगाउन वनजङ्गल नै चाहिन्छ । सबै मिलेर डाँडाकाँडा, भीर, पहाड, खोल्साखोल्सी, खोलाको छेउछाउ, बारी र खेतका आली, कान्ला र फाल्तू रहेको ठाउँमा सबैतिर बोट–बिरुवा रोप्नु र हुर्काउनुपर्छ । सबै मिलेमा त्यो कुनै कठिन काम पनि होइन । त्यति गर्न सके हिउँदमा पनि खोलामा अवश्य पानी बग्छ । खेत बगर हुन पाउनेछैन ।"



किसानहरूको सास पलायो । सबैले एक्कासि हात उठाएर भने– "बोट-बिरुवा रोप्छौं-रोप्छौं ।"

गिठेका बाबु र तिमसिना माहिला त खुसीले बर्लुक्क उफ्रे नै ।

केही वर्षपछि, हिउँदमा पनि खोलामा पानी कलकल गरी बग्न थाल्यो । गाउँले किसानहरूले ठाउँ-ठाउँबाट कुलो काटेर ठूला खेतको फाँट सिँचेका थिए । सबैतिर हरियाली थियो र किसानहरूमा खुसीयाली छायो ।



# साहस

उहिल्यै सबै बोट-बिरुवाहरू आफूलाई मन लागे फल्थे, फुल्थे र आफूलाई मन नलागे नफुल्न पनि सक्थे । उनीहरू अहिलेजस्तो कसैका अधीनमा थिएनन् । त्यस्तो देखेर ऋतुहरूलाई एकपटक बडो रिस उठ्यो । ईर्ष्या लाग्यो । छवटै ऋतु मिलेर आफ्नो अधीनमा लिने उपाय सोचे । अनि एउटा ठूलो भेला गर्ने निधो गरे । सबैलाई निम्तो पनि पठाए ।

निम्तो पाएर बोट-बिरुवाहरू, पोथ्रापोथ्रीहरू, लहरा र रूखहरू खुब खुसी भए । सबैसित भेटघाट हुने भयो भनेर रमाउँदै भेलामा पुगे ।

भेलामा पहिले त मीठा-मीठा कुरा भए । सबैले चिनापर्ची र भलाकुसारी गरे, धेरै रमाइलो भयो । भेला बोलाएकोमा ऋतुहरूलाई धन्यवाद दिए । ऋतुहरूले पनि बोट-बिरुवाकै सामूहिक हितका लागि भेला बोलाएको बताए ।

त्यसपछि शिशिर ऋतुले भन्यो– "तपाईंहरू र हामीबीच सधैँ सुमधुर सम्बन्ध बनाइराख्न केही सम्झौता हुनुपर्लाजस्तो छ । त्यस्तो सम्झौता यहीँ गर्नु बेस होला !"

अरू ऋतुले एकसाथ भने– "त्यसमा कसैको दुईमत हुनै सक्दैन ।"

बोट-बिरुवातर्फ फर्केर शिशिरले फेरि भन्यो– "अबदेखि मनपरी गर्न छाड्नुपर्‍यो । छाडापन कसैलाई फाप्दैन । यसरी आफूखुसी फल्ने-फुल्ने गर्नुभएन । हामीलाई जे-जस्तो मन पर्छ त्यस्तै-त्यस्तै गर्नुपर्छ । मलाई नाङ्गो र उजाड मन पर्छ । त्यसैले म आउनासाथ सबैले त्यस्तै बनिदिनुपर्छ ।"

शिशिर बडो ठाँटसित बस्यो ।

"यो के हुन लाग्यो ।" भनेर सबै बोट-बिरुवा मुखामुख गर्न थाले, तर कोही बोलेनन् ।

वसन्तले जुरुक्क उठ्दै भन्यो– "म आएपछि सबैले पालुवा पछ्यौरा घुमलुङ्ग ओढ्नुपर्छ र ढकमक्क फुल्नुपर्छ ।"



वसन्त पनि थचक्क बस्यो । बोटबिरुवाहरू अकमक्क परे ।

"आँप, कटहर, लिची, काफलजस्ता फल मलाई मन पर्छन् । त्यसैले म आउनासाथ मलाई पौल हुने गरी फलिदिनुपर्छ ।" ग्रीष्मले भन्यो र टुक्रुक्क बस्यो ।

बोटबिरुवाहरू जिल्ल परे । फेरि पनि कोही बोलेनन् ।

वर्षाले चर्को स्वरमा गड्गडाएर केही कुरा भन्यो, तर उनीहरूले केही पनि बुझेनन् । हिउँजस्तो टल्कने बादलको पछ्यौरा ओढेर शरद् बोल्न उठ्यो, तर आँखै तिरमिऱ्याएकाले शरद्लाई चिन्नै सकेनन् । जे होस्, शिशिर र वसन्तको भन्दा बेग्लै आसय छैन भन्ने उनीहरूले ठाने ।

जुँगामा ताउ लगाउँदै हेमन्तले भन्यो– "मलाई कोही फुलेको र नाङ्गिएको पनि मन पर्दैन । नाङ्गिएको भेटेँ भने सजाय दिनेछु ।"

ऋतुहरूका अमिल्दा कुरा सुनेर पैयुँले दरो भएर भन्यो– "म त यस्तो बन्धन मान्दिनँ । झन् अबदेखि हेरौँला । म हेमन्तमै फुलिदिनेछु । शिशिरमा झ्याङ्गिनेछु ।"

"शिशिर, तँलाई नाङ्गिएको मन पर्दैन होइन ? हेर्लास्, अबदेखि म कहिल्यै नाङ्गिनेछैन ।" सल्लाले हल्ला मच्चाउँदै भन्यो ।

"हेर् हेमन्त, अबदेखि म पनि तँ आउनासाथ नाङ्गिदिनेछु ।" लहरे पीपलले पात बरर झार्दै भन्यो ।

धेरैजसो बोटबिरुवा आत्तिए, डराए । पैयुँ, सल्लो र लहरे पीपलको साहस देखेर अलिकति बल मिल्यो । सार्है अपमान भएकोमा ऋतुहरू रिसले काला–नीला भए, तर रिसले काम नचल्ने देखेर मन खुम्च्याई बसे ।

"तिमीहरूले भनेको मान्नै पर्छ भन्ने के छ ? म तिमीहरूलाई नै मान्दिनँ । म वर्षभरिमा तीन–चार पटक पालुवा फेर्नेछु । नाङ्गिने नामै लिनेछैन । हेरौँ न नानीको ताइँ !" सिन्काउलीले झोक्किँदै भन्यो ।

"हामी पनि नाङ्गिनेछैनौँ ।" अरू धेरैले एकसाथ भने ।

"यस्तो षड्यन्त्र ? धाक ? अबदेखि हामी कहिले पनि मीठा फल दिनेछैनौँ । पैयुँ, सिन्काउली, सल्ला, धूपीहरूले सल्लाह गरेर एकैचोटि भने– "हामी पहिलेझैँ



आफूखुसी गर्छौं । यो हाम्रो संस्कृति पनि हो र हक पनि हो । बड !" यति भन्दै उनीहरू त्यहाँबाट हिँडिहाले ।

ऋतुहरू वाल्ल परे । लाज, अपमान र रिसले मुख कालो-नीलो भयो ।

यसरी कोही बोटबिरुवाले ऋतुहरूको अनौठो र स्वार्थी आदेश नमान्ने अठोट गरे, तर धेरैजसोले डराएर जे-जे भन्छन् त्यही-त्यही मान्ने विचार गरे । भेला नरमाइलोमा टुङ्गियो ।

अचेल पैयुँ शरद्मा नाङ्गिन्छ, हेमन्तमा फुल्छ र शिशिरमा झ्याँङ्गिन्छ । हेमन्त आउनासाथ लहरे पीपलका पात झर्न थाल्छन् । सल्ला कहिल्यै सिखो हुन्न । सिन्काउली चार महिनामा पालुवा फेर्छ । उनीहरू पहिलेझैँ नै अहिले पनि स्वतन्त्र छन् । डराएर विरोध नगरी चुपचाप लागेर आफ्नो हक र स्वतन्त्रता छाड्ने जतिले अचेल पनि बडो पछुतो र दुःखका साथ ऋतुहरूको भनाइमा लुरुलुरु चल्नुपरिरहेको छ ।

●

# मित्ती

मिलनका आमाबाबु सबै काम मिलेर गर्थे । मिलनलाई माया पनि त्यत्तिकै गर्थे । मिलन खुसी थियो । ऊ पनि आमाबाबुलाई खुब माया गर्थ्यो । मिहिनेत गरेर पढ्थ्यो । बेलाबखत खेतमा काम गर्न पनि जान्थ्यो ।

एक दिन मिलन र उसका आमाबाबु चौतारीमा पुगे । चौतारीमुन्तिर ठूलो टारी फाँट थियो । धान हरियै भएको थियो ।


उनीहरू भर्खर धान गोडेर खाजा खान चौतारीमा आएका थिए । चौतारीको एकातिर वरको बोट थियो । अर्कातर्फ पीपलको बोट । बीचमा सयपत्री फूलको थुँगा बिस्तारै हल्लिरहेको थियो । मिलनलाई चौतारी रमाइलो लाग्यो । ऊ वरका झरेका गेडा बटुलेर खेल्न थाल्यो । उसकी आमाले खाजा निकालिन् । बाबुले पानी ल्याए । अनि उनीहरू कुरा गर्दै, हाँस्दै खाजा खान थाले ।

मास्तिर पाखाको छायाँमा बसेर गुइँठेले सबै हेरिरहेको थियो । मिलनका आमाबाबुको मिल्ती देखेर गुइँठेलाई ईर्ष्या लाग्यो । आफ्नोचाहिँ त्यस्तो मिल्ती थिएन । उसले माथिल्ला दाँतले तल्लो ओठ टोक्यो ।

बेलुका घाम अस्ताउन थाले । खेतमा काम गर्ने मानिसहरू पनि घर फर्किने सुरसार गर्न थाले । मिलन र उसका आमाबाबु पनि हिंडे । गुइँठे पनि हिंड्यो । अरू पनि हिंडे । घरमा पकाई-तुल्याई गर्नुपर्ने भएकाले मिलनकी आमा हलुङ्गो भारी बोकेर अघि-अघि हिंडिन् । गुइँठे पनि अगाडि थियो ।

गुइँठेले भन्यो– "ओहो ! भाउजू, तिमी त साऱ्है भाग्यमानी छौ । तर क्यार्नु ? दाइ साऱ्है अलच्छिना छन् । त्यसैले त तिमीहरू यत्रो मिहिनेत गर्दा पनि कहिल्यै उँभो लाग्न सकेनौ ।"

मिलनकी आमाले भनिन्– "के कुरा गरेको बाबु यस्तो ? छिः ! दाइ त देउता हुन् । कति काम गर्न सक्छन् ! कति जाती छन् । हामीलाई कस्तो माया गर्छन् । पाप लाग्ला है ।"



गुइँठेले तुरुन्त भन्यो– "भरे सुतेका बेलामा जीउ चाटिहेर न ! अनि थाहा हुन्छ के हुन् ! तिनको जीउ कति नुनिलो छ । त्यस्ता मान्छे त सार्‍है अलच्छिना पो हुन्छन् ।"

"फटाहा कुरा नगर, बाबू !" मिलनकी आमाले रिसाएर भनिन् ।

"नपत्याए चाटे भइहाल्यो नि ! अनि भन्नुहोला ।" गुइँठेले भन्यो र ओठ लेप्प्यायो ।

मिलनकी आमा सरासर हिँडिन् । गुइँठे त्यहीँ बाटोछेउको ढुङ्गामा बसिरह्यो । मिलनका बाबु घाँसको गऱ्हुङ्गो भारी बोकेर ठसठसी कन्दै आइपुगे । गुइँठे पनि गफ गर्दै अघि-अघि हिँड्यो ।

अलिक पर पुगेपछि गुइँठेले भन्यो– "दाइ, तिमी त सार्‍है भाग्यमानी छौ । तर क्यार्नु ? भाउजू सार्‍है अलच्छिनी छन् । त्यसैले तिमीहरू यत्रो मिहिनेत गर्दा पनि कहिल्यै उँभो लाग्न सकेनौ ।"

टुसुक्क भारी बिसाएर लामो सास फेर्दै मिलनका बाबुले भने– "के नचाहिँदो बोल्छस् ए गुइँठे ! भाउजू त लच्छिनकी बत्ती हो । उसैले गर्दा त यत्तिको भएको छु ।"

गुइँठेले भन्यो– "त्यही त भन्या, दाइ ! तिमी सार्‍है सोझा छौ । राति तिमी निदाएपछि भाउजूले सधैँ तिम्रो जीउ चाट्छिन् । त्यसैले त तिमी मोटाउन पनि सकेका छैनौ । भाउजू त बोक्सी पो हुन् ।"

मिलनका बाबुलाई सार्‍है रिस उठ्यो । जङ चल्यो । घाँसको भारी त्यहीँ बिसाएर गुइँठेका गालामा एक चट्कन हिर्काएर भने– "के सम्झेको छस् तैँले मलाई ? तिनी त लक्ष्मी हुन् ।"

गुइँठेले जोगिन खोज्दै भन्यो– "नाप्यो । भरे निदाएझैँ गरेर एकपटक विचार गरी हेर । अनि थाहा पाउला, बोक्सी हुन् कि लक्ष्मी हुन् ! त्यसपछि मलाई जति कुट्ने हो कुट्नू । नचाटे थुक्क भन्नू । बोक्सी भएरै त चाट्छिन् ।"

"हेरौँला ।" मिलनका बाबुले रिस खप्दै भने ।

झमक्क साँझ पर्दा मिलनका बाबु घर पुगे । भारी बिसाए । भैँसीलाई घाँस दिएको रहेनछ, दिए । हातगोडा धोएर पिँढीमा बसे । बादल धुम्म लागेको थियो । एकछिनपछि साथीहरूसित खेल्दै, उफ्रँदै मिलन पनि आइपुग्यो । भान्छा तयार भइसकेको थियो । तीनै जनाले मिलेर खाए ।





खाईवरी सबै सुते । मिलन त भुसुक्क निदाइहाल्यो । उसका बाबु पनि निदाएका थिएनन् र आमा पनि निदाएकी थिइनन् । दुवै निदाएझैं मात्र गरिरहेका थिए । धेरै बेर बितिसकेपछि अब त बूढा निदाए होलान् भन्ठानी मिलनकी आमा उठिन् । यसो यताउति हेरिन् । बूढा मस्त निदाए होलान् भन्ने भएपछि दौरा उल्टेर पिठ्यूँ चाट्न थालिन् । चाट्दा नुनिलो लाग्यो । बूढो अलच्छिना नै हो भन्ने उनलाई पऱ्यो ।

मिलनका बाबु निदाएका थिएनन् । जुरुक्क उठे र भने– "तँलाई बोक्सी ! सधैं यही बोक्सीले चाट्दी रहिछ र त म मोटाउँदो रहेनछु ।"

मिलनकी आमाले पनि झोक्किएर भनिन्– "अलच्छिना बूढा ! यही बूढा अलच्छिना भएर त सधैं परत्रीका सामुन्ने गरिबको जुनी बिताउनुपरेको । बल्ल त बुझें ।"

हुँदाहुँदा दुवैमा भनाभन पर्न थाल्यो । कुटाकुट र लुछालुछ पनि गरे । खैलाबैलाले गर्दा मिलन पनि ब्युँझियो ।

मिलन अकमक्क परेको देखेर बाबुले भने– "हेर त बाबू, अगि बेकारमा गुइँठेलाई कुटेछु । साँच्चै त रहेछ नि त्यसले भनेको ! तेरी आमा त बोक्सी रहिछ । मलाई निदायो भन्ठानेर चाट्दै थिई । यस्ती बोक्सी स्वास्नी पनि सुमर्नु ।"

आमाले भनिन्– "गुइँठेले भनेको ठीकै रहेछ । हेर न तिम्रो जीउ कति नुनिलो छ । अलच्छिना ! यस्ता लोग्ने पनि सुमर्नु !"

मिलनका बाबु गुइँठेलाई सम्झेर झसङ्ग भए । उनले के-के भन्थ्यो भनेर सोधे । गुइँठेले बाटामा भनेका सबै कुरा मिलनकी आमाले बताइन् । मिलनका बाबुले पनि बाटामा गुइँठेले आफूसित गरेका सबै कुरा बताए ।

मिलनका बाबुले भने– "त्यसो भए त्यो मोरो गुइँठेले हामीलाई बित्थामा फुटाउन खोजेको रहेछ । त्यसलाई दुई थप्पड अरू लगाएको भए पनि थोरै नै हुने रहेछ ।"

त्यसपछि मिलन र उसका आमाबाबु पहिलेझैं मिलेर सुते । दुवै तुरुन्तै निदाइहाले । उता गुइँठेका लोग्नेस्वास्नीको दन्तबझानले गर्दा भने आधारातमा गाउँका धेरै मान्छेको निद्रा खुल्यो । मिलन र आमाबाबुको निद्रा पनि खुल्यो ।

●

# सेखी

स्कूलका हरेक खेलमा हरि नै पहिला हुन्थ्यो । ऊ बलियो पनि देखिन्थ्यो । सरहरू उसको खुब प्रशंसा गर्नुहुन्थ्यो । ऊ निकै खुसी हुन्थ्यो र गमक्क पर्थ्यो । को बलियो भनेर सरहरू कहिलेकाहीं उसलाई अरू बलिया साथीहरूसित लडाउनुहुन्थ्यो । ऊ त्यहाँ पनि जित्थ्यो । रामलाई उसले दस-दस पटकसम्म जितेको थियो । श्यामले उसलाई जित्यो-जित्यो त पार्थ्यो, तर अन्त्यमा हरिकै जित हुन्थ्यो ।

यता आएर हरि निकै बदलिएको थियो । आफ्नो बलमाथि उसलाई घमन्ड चढ्यो । साथीहरूलाई होच्याएर कुरा गर्थ्यो । सबैलाई 'हरुवाहरू' भन्दै हिंड्ने गर्थ्यो । यसले गर्दा उसका घनिष्ठ साथीहरू पनि रिसाउन थालेका थिए ।

हरि पढाइमा पनि त्यति कमजोर थिएन । उसको घमन्ड बढ्नुको अर्को थप कारण यो पनि थियो । खेलमा अगाडि भएकोले नम्बर अवश्य बढी आउँथ्यो । तापनि पढाइमा कमजोर हुन्छु कि भन्ने डर उसमा थियो । त्यसैले अबेलासम्म धनसारमा बसेर पढ्थ्यो ।

ऊ आज पनि अङ्ग्रेजी माने घोकिरहेको थियो । एक्कासि तल काँक्राको झ्याङतिरबाट सोर्याक्क आवाज आयो । ऊ चनाखो भयो । झ्यालबाट हेर्‍यो । टहटह जून लागिरहेका थिए । जूनको सुकिलो उज्यालोमा माछापुच्छ्रे, अन्नपूर्णा हिमाल झन् रमाइला देखिएका थिए । काँक्राको झ्यालमुनि कोही उभिएको थियो । "त्यो कुनै काँक्रोचोर हुनुपर्छ ।" उसले सोच्यो– "त्यसलाई मैले पक्रिनुपर्छ ।" ऊ हलुङ्गो तालले तल ओर्ल्यो । चोर कुनै केटो थियो । हरि छेकल काटेर चोरलाई समात्ने दाउमा थियो । ऊ चोरलाई समातेर सबैबाट अरू स्याबासी लिन चाहन्थ्यो ।

"पख् तँलाई !" ऊ एक्कासि चोरको सामुन्ने पुग्यो र समात्न खोज्यो, तर चोर उसलाई पछारेर फुत्त भाग्यो । उसले चोरलाई समात्न सकेन र हल्ला पनि गर्न सकेन । चोर काँक्रो नलिई भागेको थियो । चोर ऊभन्दा ठूलो पनि थिएन । उसलाई चुकचुक लाग्यो ।



यो घटना उसले कसैलाई भनेन ।

ऊ बलियो थियो । सबैले उसलाई 'क्याबात' भन्थे । त्यस चोरलाई समात्न सके अझ स्याबासी पाउने थियो ।

चोर भोलिपल्ट पनि आयो, पर्सिपल्ट पनि आयो, तर उसले समात्न सकेन । चोरले उसलाई सजिलै पछार्थ्यो र केही नबोली मुख लुकाएर हिँड्थ्यो । काँक्रो पनि नलिई जान्थ्यो ।

उसलाई लाज लाग्न थाल्यो । सरहरूले स्याबासी दिँदा पनि गिज्याएजस्तो लाग्न थाल्यो । ऊ सार्‍है ठूलो सोचमा डुब्यो ।

उसले यो कुरा कसैलाई भनेको थिएन । स्कूलबाट फर्किंदा आज क्षितिजलाई नभनिरहन सकेन ।

क्षितिजले भन्यो– "त्यति नाथे कुरामा पनि केको चिन्ता, तिमीजस्तो बलियालाई ?" उसलाई क्षितिजले गालैमा हिर्काएझैँ भयो । क्षितिजलाई पनि कति पटक पछारेको थियो ।

चोर समात्न भनेर क्षितिज पनि हरिकहाँ नै गयो । दुवै धनसारमा बसेर पढिरहेका थिए । चोर उसै गरी काँक्राको झ्याङमुनि पुग्यो र खकार्‍यो । हरि र क्षितिज दुवै जना चोरका नजिकै पुगे । अचम्म, चोर हलचल नगरी ठिङ्ग उभिरह्यो ।

हरिले च्याप्प समात्यो ।

"हरि, म चोर होइन ।"

"श्याम !" हरि चकित भयो ।

"श्याम !" क्षितिज दङ्ग पर्‍यो ।

"म श्याम नै हुँ ।"

"मलाई काँक्रोसाँक्रो चोर्नु छैन । म तिमीलाई मात्र को बलियो छ भनेर देखाउन चाहन्थेँ । स्कूलमा तिमीलाई जिताउन म हार्ने गर्थें, तर तिमीले मलाई होच्याउन



थाल्यौ । तिमीमा घमन्ड चढ्यो । अब थाहा पायौ– साँच्चै को बलियो रहेछ ?" श्यामले भन्यो ।

"थाहा भयो, श्याम ! थाहा भयो ।" हरिले भन्यो ।


क्षितिज मुसुमुसु हाँसिरहेको थियो ।


तीनै जना हाँस्दै-हाँस्दै धनसारतिर लागे । एकछिनपछि तीनै जना धनसारमा बसेर पढाइका बारेमा छलफल गरिरहेका थिए । जूनको उज्यालामा हिमालचुली हाँसिरहेको थियो ।

●

# नयाँ साजसज्जामा केही प्रकाशनहरु




ISBN 99933-0-304-6

9 789993 303046

Achhyar

**Price: Rs. 40.00**